**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सो को नियमावलीको नियम ३ बमोजिमको त्रैमासिक विवरण ( बैशाख–आषाढ) २०७८**

# कार्यालय : करदाता सेवा कार्यालय, ओखलढुंगा

**आ.व. २०७७।०७८ (२०७८ बैशाख देखि २०७८ आषाढ सम्म)**

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | **१. पृष्ठभूमि कर** : कर प्रणालीलाई शासन व्यवस्थाको मेरूदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले संचालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सुशासन कायम हुन गई सेवा प्रवाह प्रभावकारी बन्न सम्भव हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन् । करदाताहरूको सेवामा जोड दिई करको परिपालना लागत (Compliance Cost) घटाउने प्रमुख अभिप्रायले आन्तरिक राजस्व विभागले विगत लामो समय देखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाई विद्युतीय सुशासन समेत प्रयोगमा ल्याएको छ । आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित सेवा प्रवाह जुन आफ्नै जनशक्ति र विद्यमान संरचनाले समेट्न सकिदैन, त्यस्ता कार्यहरू निजीक्षेत्रसंगको साझेदारीमा संचालन गरिदै आइएको छ । करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक श्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ स्वच्छ कर प्रशासन : विकास र सुशासन भन्ने मूल नारका साथ आफ्ना गतिविधिहरू सोही तर्फ परिलक्षित गरी कार्य गर्दै आएको छ, जसले गर्दा कर कानूनको परिपालनमा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य वृद्धि भई समृद्ध नेपाल, सुखी नेपाली भन्ने मूलध्येयलाई साकार पार्ने कार्यमा सघाउ पुग्दछ । |
| | | **१.१ दीर्घकालीन सोच (Vision)** : फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको माध्यमबाट विकास प्रकृयामा टेवा पुर्याउन सक्षम संस्थाको रूपमा स्थापित हुने । |
| | | **१.२ गन्तव्य (Mission)** : उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चित गर्ने । |
| | | **१.३ समग्र उद्देश्य (Overall Objective)** : समतामुलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने । |
| | | **१.४ विकासात्मक उद्देश्य (Development Objective)** : करदाता सेवा र शिक्षाको विस्तार, आधुनिक प्रविधिको आधिकारिक मात्रामा उपयोग |
| | | **१.५ मूल्य मान्यताहरू (Values)** : सदाचार, व्यवसायिकता, स्वच्छता, सम्मान, सहकार्य, नव प्रबर्द्धन |
| २ | कार्यालयको काम, कर्तव्य र अधिकार | **प्रमुख कार्यहरू (Functions)** : करदाता सेवा, कर संकलन सम्बन्धी कार्य । |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या | **कर अधिकृत १, ना.सु. २ (२ खाली लोक सेवामा माग गरेको), डा.ई.सु. १ (१ करार), कम्प्युटर अपरेटर १, ह.स.चा. १ (खाली), का.स. १ (१ करार)** |
| ४ | कार्यालयको कार्य क्षेत्र | **ओखलढुंगा जिल्ला र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका, माप्यदुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँपालिका, नेचा सल्यान गाउँपालिका, महाकुलुङ गाउँपालिका, लिखुपिके गाउँपालिका र सोताङ गाउँपालिका रहेको छ ।** |

<table>
<tr><td>५</td><td>कार्यालयबाट प्रदान गरिने सेवाहरू</td><td>१. PPAN दर्ता (व्यक्तिगत प्यान), २. BPAN दर्ता (व्यवसायिक प्यान), ३. Tax Clearance (कर चुक्ता) ४. PDCR (कारोबार थपघट□संसोधन), ५. Business Close (कारोबार बन्द), ६. अन्त:शुल्क नविकरण, ७. User ID/Password, ८. मू.अ.कर समायोजन पत्र, करदाता शिक्षा, बजार अनुगमन सम्बन्धी कार्य, कर संकलन सम्बन्धी कार्य ।</td></tr>
<tr><td>६</td><td>सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी</td><td>करदाता सेवा शाखा र कार्यालय प्रमुख</td></tr>
<tr><td>७</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकी नागरिक वडापत्रमा उलेख गरिएको ।</td></tr>
<tr><td>८</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td>शाखागत रूपमा गरिनुपर्ने कार्य कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको ।</td></tr>
<tr><td>९</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>कार्यालय प्रमुख</td></tr>
<tr><td>१०</td><td>सम्पादन गरेको कामको विवरण</td><td>
<table>
<tr><th>परिसूचक</th><th>२०७८ बैशाख</th><th>२०७८ जेष्ठ</th><th>२०७८ आषाढ</th><th>जम्मा</th><th>२०७७ श्रावण देखि २०७८ आषाढ सम्मको जम्मा</th></tr>
<tr><td>ब्यवसायीक PAN दर्ता Business Pan</td><td>१०६</td><td>०</td><td>४३</td><td>१४९</td><td>१९७७</td></tr>
<tr><td>अन्त:शूल्क दर्ता EXCISE</td><td>१</td><td>०</td><td>०</td><td>१</td><td>२१२</td></tr>
<tr><td>ब्यक्तीगत PAN दर्ता Personal Pan</td><td>८२</td><td>२६</td><td>१४२</td><td>२५०</td><td>६२८</td></tr>
<tr><td>मू.अ.कर दर्ता VAT</td><td>३</td><td>०</td><td>४</td><td>७</td><td>१२६</td></tr>
<tr><td>टि.डि.एस PAN दर्ता WPAN</td><td>४</td><td>०</td><td>२</td><td>६</td><td>११</td></tr>
</table>
साथै कर चुक्ता प्रदान, आय विवरण प्राप्त, मू.अ.कर विवरण प्राप्त, ETDS विवरण प्राप्त, राय प्रतिक्रिया, कारोबार थप घट, मू.अ.कर समायोजन पत्र लगायतका बिभिन्न कार्य सम्पादन भएको ।</td></tr>
<tr><td>११</td><td>सूचना अधिकारी र प्रमुखको नाम र पद</td><td>सूचना अधिकारी डा.ई.सु. सचिन देव भ□राई</td></tr>
<tr><td>१२</td><td>सर्वजनिक निकायको वेभसाईट भए सोको विवरण</td><td>www.ird.gov.np/branch/tso-okhaldhunga</td></tr>
</table>

<table>
<tr><td rowspan="10">१३</td><td rowspan="10">कार्यालयको राजस्व संकलनको अवस्था</td><td colspan="7">आ.व. २०७७/७८ को राजस्व संकलनको प्रगति विवरण (रू हजारमा)</td></tr>
<tr><td>Group</td><td>२०७८ बैशाख</td><td>२०७८ जेष्ठ</td><td>२०७८ आषाढ</td><td>बैशाख देखि आषाढ सम्मको जम्मा</td><td>श्रावण देखि आषाढ सम्मको जम्मा</td><td>कैफियत</td></tr>
<tr><td>आयकर</td><td>९२२१</td><td>६३५६</td><td>५७८४१</td><td>७३४१८</td><td>१५८३२७</td><td rowspan="8">यस कार्यालयका कतिपय करदाताले आन्तरिक राजस्व कार्यालय, लहानको कार्यालयको कोडमा राजस्व रकम दाखिला गर्ने गरकोले राजस्व संकलन रकम अरू बढने छ ।</td></tr>
<tr><td>घर बहाल कर</td><td>२५८</td><td>२७२</td><td>३३०९</td><td>३८३९</td><td>१०१९२</td></tr>
<tr><td>ब्याज कर</td><td>०</td><td>१०</td><td>९४</td><td>१०४</td><td>१२८२</td></tr>
<tr><td>मू.अ.कर</td><td>३१५५</td><td>१९३९</td><td>९६०९</td><td>१४७०३</td><td>३३६०८</td></tr>
<tr><td>अन्त:शूल्क</td><td>२४</td><td>०</td><td>०</td><td>२४</td><td>३४७०</td></tr>
<tr><td>शिक्षा सेवा कर</td><td>०</td><td>०</td><td>१</td><td>१</td><td>५२</td></tr>
<tr><td>स्वास्थ्य सेवा कर</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>८</td></tr>
<tr><td>जम्मा</td><td>१२६५८</td><td>८५७७</td><td>७०८५४</td><td>९२०८९</td><td>२०६९३९</td></tr>
<tr><td rowspan="2">१४</td><td rowspan="2">आर्थिक ऐन, २०७७ ले ल्याएको छुट सुविधा उपभोग गरेका करदाताको शंख्या</td><td>आर्थिक विधेयक, २०७७ को दफा २०(१) बमोजिम</td><td>आर्थिक विधेयक, २०७७ को दफा २१(१) बमोजिम</td><td>आर्थिक विधेयक, २०७७ को दफा २१(२) बमोजिम</td><td>आर्थिक विधेयक, २०७७ को दफा २१(३) बमोजिम</td><td>जम्मा</td><td colspan="2">कैफियत</td></tr>
<tr><td>२० जना</td><td>१५५ जना</td><td>४ जना</td><td>७ जना</td><td>१८६ जना</td><td colspan="2"></td></tr>
<tr><td>१५</td><td>अन्य सेवा सुविधा</td><td colspan="7">करदातालाई प्रतिक्षालय, Free WiFi, चिसो□तातो पानी, Mobile Charging Station, शौचालय लगायतको उचित व्यवस्था भएको ।</td></tr>
</table>